नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. ५६

मिति: २०८३/०४/२६

विषयः समन्वय तथा सहजिकरण सम्वन्धमा ।

श्री गाउँपालिका (सबै),
श्री नगरपालिका (सबै) ।

राष्ट्रिय समावेशी आयोगको प.सं.: २०८३/०८४, च.नं. २२, मिति २०८३/०४/२१ को खस आर्यको थर सूचीकरण सम्बन्धी पत्रको छायाँ प्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

४/२६

(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थ:

श्री राष्ट्रिय समावेशी आयोग, पुल्चोक ललितपुर ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

प.सं.:०८३/८४

च.नं.: २१

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

दर्ता नं.: ४५५

मिति: ४।२१

मितिः २०८३।०४।२१

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

स्थानीय तह समन्वय शाखा,

सिंहदरबार, काठमाण्डौं।

विषय : पत्रचारको लागि सहजीकरण गरिदिनु हुन।

प्रस्तुत विषयमा खस आर्यको थर सूचीकरण सम्बन्धमा आयोगको मिति २०८३/०४/२१ गतेको निर्णय कार्यान्वयनको लागि संलग्न बमोजिमको प. सं. ०८३/८४ च. नं. २१, र मिति २०८३/०४/२१ गतेको पत्र सबै स्थानीय तहमा पत्रचार गरिदिनु हुन निर्देशानुसार अनुरोध छ।

२०८३।०४।२१

(देउकुमार लावती)

शाखा अधिकृत

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

प.सं.:०८३/८४
च.नं.: 29

भूमि व्यवस्था, सहकारी, गरिबी निवारण तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: 826
मिति: 4/29

मितिः २०८३/०४/२१
नेपाल संवत् ११४६

श्री स्थानीय तह सबै,

**विषयः खस आर्यको थर सूचीकरण सम्बन्धमा ।**

नेपालको संविधान तथा राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम यस आयोगको खस आर्य जातीको थर सूचीकरण गरी नेपाल सरकारलाई सिफारिस गर्ने कार्य जिम्मेवारी अनुसार आयोगबाट खस आर्य (ब्राम्हण, क्षेत्री, ठकुरी, बाह्रपन्थी, दशनामी, रानाभाट लगायत) जाती अन्तर्गतका जम्मा ६६७ थरहरु पहिचान गरी तयार गरिएको सूची आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसार सूचीकृत गर्न नेपाल सरकारमा सिफारिस गरिएको छ। यसै सन्दर्भमा व्यक्ति एवम समुदायस्तरबाट खस आर्यको सूचीमा आफ्नो थर छुटेको गुनासो आइरहेको हँदा आयोगबाट तयार गरिएको खस आर्यको ६६७ थरहरुमा तहाँ पालिका अन्तर्गत छुट भएका थरहरु सूचीकरणको लागि कार्यपालिकाको सिफारिश सहित २१ दिन भित्र देहाय बमोजिमको विवरण स्पष्ट रुपमा खुल्ने गरी पठाइदिनु हुन आयोगको मिति २०८३/०४/२१ गतेको निर्णयानुसार अनुरोध छ।

खुलाउनु पर्ने विवरणः

सिफारिस गरिएको थरः.......................................................

जातः सिफारिस गरिएको थर ब्राम्हण, क्षेत्री, ठकुरी, सन्यासी (बाह्रपन्थी र दशनामी) र रानाभाट मध्ये कुन जातमा पर्छ स्पष्ट खुलाउनु पर्ने।

(देउकुमार लावती)
शाखा अधिकृत

**नोटः- आयोगको मिति २०८१/११/०८ गतेको निर्णयानुसारको खस आर्यको थरहरुको सूची राष्ट्रिय समावेशी आयोगको वेवसाइट www.ninc.gov.np मा (सूचना केन्द्रमा क्लिक गरी आयोगको निर्णय खण्डमा हेर्न सकिने) राखिएको छ। सो विवरण आयोगको इमेल ठेगाना info@ninc.gov.np मा पठाउन सकिने छ।**